# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २८ गते ०८ साल

## भाग २

### अर्थमन्त्रालयको सूचना

सरकारी काममा झिकाई आएका मालको बजार भन्सार महसूल नली लगत-सम्म राखी छाडिदिने, मधेस बजार अड्डा र पाहाड नेपाल भन्सारहरुलाई समेत आदेश भएर गएको छ।

### अर्थमन्त्रालयको विज्ञप्ति

श्रीमाननीय अर्थमन्त्रीजी कामविशेषले कलकत्तातर्फ जानुभएकोले माघ २२ गते-देखि वहाँफर्की नआउन्जेलसम्मलाई सो मन्त्रालयको काम श्रीमाननीय उद्योग तथा वाणिज्यमन्त्री महेन्द्रविक्रम शाहबाट गर्नुभएको छ।

सेक्रेटरी— अर्थमन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना

हिन्दुस्थान निकासी गर्ने मालमा दररेट फेर्ने प्रस्ताव अर्थमन्त्रालयले पेश गरेकोमा २००८ माघ ८ गते मङ्गलवारको मन्त्रिमण्डलको बैठकमा सो कुराको बहस भइ देहायबमोजिमको कर निम्नलिखित विषयमा अँलेलाई एक वर्षको निमित्त लिने निर्णय भएको छ ।

| विषय | निकासी कर |
|---|---|
| तोरी | आठ आना प्रतिमन |
| सस्यूँ | ऐ ऐ |
| रायो | ऐ ऐ |
| अडेल | ऐ ऐ |
| सुठो | रू० १॥ डेढ रुपियाँ ऐ |
| खुर्सानी | रू० १ एक रुपियाँ ऐ |
| दालचीनी | रू० २ दुइ रुपियाँ ऐ |
| पिपला | रू० १५ पन्द्र रुपियाँ ऐ |
| आलु | रू० १ एक रुपियाँ ऐ |
| सुर्ती | एक आना प्रति सेर |
| दाल | बान्ह आना प्रति मन |
| उखु | एक आना ऐ |
| घिउ | रू० ५ पाँच रुपियाँ ऐ |
| धान | ॥२ दस आना ऐ |
| चामल भिल कुटानी | रू० १ रुपियाँ प्रति मन |
| ऐ ढीकी कुटानी | ।॥ बान्ह आना ऐ |
| जुट कोरा | मोलमा सयकडा ५ पाँच |

जूट तयारी मालमा भारतको करबमोजिम करको दर लगाई यसमा एक तिहाई रिहाई गर्ने र यो दर गत अक्टूबरदेखि नै लागू गर्ने भारतमा हाल जूटकर तयारी मालमा निकाशी कर रू० ३५०। र हैसियनमां कर रू० १५००। प्रति मन लागीको छ

| | उपजनी करको दर |
|---|---|
| गाँजा | रू० ५ पाँच रुपियाँ प्रति सेर |

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

१६९-B आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।